D.A.O. Reg.No. 1210

SWC Reg. No. 33344

# तराई मानव अधिकार रक्षक सञ्जाल
# TERAI HUMAN RIGHTS DEFENDERS ALLIANCE

## प्रेस विज्ञप्ति

मिति २०७४।१०।१८ गते विहिवार जिल्ला झापा बिर्तामोड–४ का एक १४ बर्षीय बालक सन्दिप प्रसाईंलाई इलाका प्रहरी कार्यालय बिर्तामोडबाट सादा पोशाकमा खटिएका प्रहरीहरुले निर्घात कुटपिट गरेको कार्यप्रति तराई मानवअधिकार रक्षक संजाल (थर्ड एलायन्स)को ध्यानाकर्षण भएको छ ।

प्रत्यक्षदर्शीका अनुसार सादा पोशाकमा खटिएका प्रहरी जवानद्वय सुजन श्रेष्ठ र श्यामदेब यादवद्वारा विहिवार राती प्रहरीबाट निर्घात कुटिएका प्रसाईं अहिले विर्तामोड स्थित बी.एंड सी. हस्पिटलको आईसियू कक्षमा उपचारत भइरहेको छ । आफ्नै टोलमा भएको झगडा हेरेर घर फर्किने क्रममा आफ्नै घरको गेटबाट भित्र पस्दै गर्दा राति ९:३० मा सादा पोशाकमा रहेका ती प्रहरीहरुले चोर, ड्रगीस्ट भन्दै समातेर लगेर निर्घात कुटपिट गरेको अनुगमनको क्रममा देखिएको छ ।

उपचारमा संग्लग्न रहेको चिकित्सकले ती नालाबकमा बाहिरी चोट नदेखिए पनि उनी एक्कासी डराउने र झस्किने गरिरहेको बताए । मिति २०७४।१०।२१ गते प्रारम्भिक उपचारपछि घरमा राख्दा तर्सिने गरेकोले त्यसको भोलिपल्ट फेरी सोहि अस्पतालमा उपचारको लागि भर्ना गरियो । जिल्ला प्रहरी कार्यालय झापाले बालक कुट्ने प्रहरीलाई हिरासतमा राखेर घटनाका बारेमा आवश्यक छानबिन भइरहेको पाइएको छ ।

अतः सादा पोसाकमा खटिएका प्रहरीले १४ बर्षीय बालकलाई कुटपिट तथा यातना जन्य कार्य गरेको हुँदा सो घटनाको निष्पक्ष छानबिन र अनुसन्धान गरी दोषीलाई कारवाही र पिडीतलाई कानुनबमोजिम क्षतिपुर्ति उपलब्ध गराउन सम्बन्धित सम्पुर्णमा आग्रह समेत गर्दछौं ।

मिति २०७४।१०।२३

..........................

रक्षाराम हरिजन
मिडिया तथा संचार संयोजक

*Collective Voice for Equity and Justice*

**THRD Alliance, Jaleshwor-4,Mahottari, Liaison Office: Koteshwor, Kathmandu. Tel: +977-1-5199352,**
**Email: thrdalliance@gmail.com, website: www.thrda.org**